# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.सं.: ०८१/०८२ विपद
च.नं.: 3382

मिति : २०८१।०९।२८

**विषय : देवघाट मेला भर्न आउनुहुने महानुभावहरूमा भरतपुर महानगरपालिकाको अनुरोध**

हिन्दू धर्मावलम्बीहरूको महान पर्व मकर सक्रान्तिको अवसरमा देवघाटमा हुने मेलालाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन आम सर्वसाधारणहरूमा देहायबमोजिम गर्नु गराउनु हुन हार्दिक अनुरोध गरिन्छ ।

- पालैपालो लाइनमा लागेर मात्र देवघाटको झोलुङ्गे पुल वारपार गरौं ।
- बालबालिका, बृद्ध बा आमा तथा असक्त नागरिकहरूलाई प्राथमिकता दिई हिंडडुल गर्ने गरौं ।
- डुङ्गाबाट नदी वारपार गर्दा अनिवार्यरूपमा राम्रोसँग लाइफ जकेट लगाएर मात्र यात्रा गरौं ।
- नदी स्नान गर्दा विशेष ध्यान दिऊँ । तोकिएको स्थानमा मात्र सुरक्षित तरिकाले स्नान गरौं ।
- आफन्त कोही हराएमा वा वेवारिसे बालबालिका भेटिएमा नजिकैको प्रहरी चौकीमा सम्पर्क गरौ ।
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ गरौं ।
- आफ्नो धन सम्पत्ति वा गरगहना सुरक्षित गरौं, पकेटमारहरूबाट सुरक्षित रहौं ।
- आपतकालीन स्वास्थ्य सेवा तथा प्राथमिक उपचारको लागि नेपाल रेडक्रस सोसाइटीको शिविरमा सम्पर्क राखौं।
- कुनै अप्ठ्यारो स्थिति आइपरेमा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र, भरतपुर महानगर प्रहरी सम्पर्क नं. ९७६८८८६६२२ मा खवर गरौं ।

वातावरण तथा विपद् व्यवस्थापन महाशाखा
भरतपुर महानगरपालिका

श्री सूचना तथा प्रविधि शाखा,
उक्त सूचना महानगरको वेभपेज, फेसबुक पेज, वडाहरूलाई पत्राचार, स्थानीय दैनिक पत्रिकामा प्रकाशनको लागि अनुरोध गर्दछु ।